द. नं. १३/०६४/६५ जि.प्र.का. दोलखा **जिल्लाको पहिलो 'क' वर्गमा सूचीकृत पत्रिका**
सत्य, तथ्य, निष्पक्ष तथा खोजमूलक **साप्ताहिक**
**नवतरङ्ग**
**NAVATARANGA WEEKLY**
बर्ष : १४, अङ्क : २१, पूर्णाङ्क : ६०२ २०७७ मंसिर २१ 6 DEC., 2020, SUNDAY पृष्ठः ६, मूल्य रू. ५।-

निरन्तर प्रकाशित यस साप्ताहिकमा विज्ञापन दिई आफ्नो व्यवसाय बढाउनुहोस् ।
नवतरङ्ग साप्ताहिक परिवार
सुष्पाक्षमावती - ३, दोलखा

# खण्डहर खरिदुङ्गा खानी, सरकार मुकदर्शक



दोलखा । कुनै समय २ हजारभन्दा बढिलाई रोजगारी दिएको दोलखा र सिन्धुपाल्चोक जिल्लामा फैलिएको दक्षिण एसियाकै ठूलोमध्येको ओरियन्ड म्याग्नेसाईट उद्योग पुनःसंचालनमा ल्याउने बेलाबेलामा हल्ला चलेपनि २२ बर्षदेखि संचालनमा आउन सकेको छैन ।

सरकारी उदासिनताले उद्योग संचालनमा नआएका कारण अरबौं मूल्य बराबरको म्याग्नेसाइट, करोडौं मूल्यबराबरको खरिदुङ्गा, सयौंले रोजगारीको अवसर गुमाएका छन भने उद्योगको करौडौं मुल्य वरावरको संरचना तथा सामान कवाडीका रुपमा थन्किएको छ । ओरियन्ड म्याग्नेसाइटको विश्व बजारमा उच्च माग हुँदा-हुँदै भारतीय एक कम्पनीको दवावमा २०५५ सालदेखि उद्योग पूर्ण रुपमा बन्द भएको छ । २०५८ सालमा तत्कालीन विद्रोही माओवादीले ओरियन्ड म्याग्नेसाईट उद्योगमा आगजनी गरेर करोडौंको सामान नष्ट गरि दिएपछि यो उद्योगको अहिले भग्नावशेष मात्र बाँकी छ ।

सरकारी बेवास्ताकै कारण उद्योग संचालनमा आउन नसकेपछि थुप्रै बहुमुल्य मेशिनका पार्टपुर्जाहरू चोरी भैसकेका छन् । २२ बर्षदेखिका कुनै पनि सरकारको पालामा उद्योग संचालनमा ल्याउन विशेष प्रयत्न समेत नगरेका कारण उद्योगमा केही सुरक्षा गार्ड बाहेक अन्य १६ जना कर्मचारीहरू राजधानीमै तलव बुझेर बसेका छन् । नेपाल सरकारको ७५ प्रतिशत, खेतान समुहको १२.५ प्रतिशत र भारतीय कम्पनी उडिसा ईन्डस्ट्रिजको १२.५ प्रतिशत लगानी रहेको यो उद्योग सुरुदेखि नै असफलतामा गएको थियो । भारतीय कम्पनीको गलत नियत र नेपाल सरकारको वेवास्ताका कारण उद्योग डुवेर भारतीय पक्षले पुनःसंचालनमा ल्याउन नदिएपछि उद्योगको अवस्था चऊरभन्दा केहि छैन । उद्योगमा कार्यरत कर्मचारीहरूको लागि अर्थ मन्त्रालयले हरेक बर्ष तलव, भत्ता, पोशाक, इन्धन लगायतको लागि डेढ करोड रूपैयाँ विनियोजन गर्दै आईरहेको छ । तर साढे १२ प्रतिशतका दरका सेयरधनी खेतान र उडिसा इन्डस्ट्रिजले २२ बर्षदेखि एक रूपैयाँ खर्च गरेको तथ्याङ्क भेटिएको छैन । दोलखाको लाकुरीडाँडाका स्थानीयसँग २५ सय रोपनी जमिन खरिद, सरकारको २५ सय रोपनी र सिन्धुपाल्चोकको लामोसाँघुमा ३५४ रोपनी गरि कूल ५३५४ रोपनी भूभागमा फैलिएको यो ओरियन्ड म्याग्नेसाईट उद्योगमा २ सय ५० वर्षसम्म पुग्ने म्याग्नेसाइट र खरी रहेको अनुमान गरिन्छ । उद्योगबाट उत्पादित म्याग्नेसियम र खरि ढुवानीका लागि बनेको रोपवे तत्काल एकमहिना संचालनमा आएर बन्द भएकोमा रोपवेका निर्माण ब्यवसायी दामोदर कम्पनीले रकम भुक्तानीका लागि सर्वोच्च अदालतमा दायर गरेको मुद्दाको अहिलेसम्म फैसला हुन सकेको छैन् ।७५ प्रतिशत सेयरको मालिक नेपाल सरकारले चाहेमा जति बेलापनि उद्योग सञ्चालन हुन सक्ने अवस्था रहेको नेपाल ओरियन्ड म्याग्नेसाइट बोर्डका पूर्व अध्यक्ष बसन्तराज कार्कीले बताए । उनले भने, 'म्याग्नेसाइट उद्योग कि सरकारले चलाउनु पर्‍यो, हैन भने जनताको २५ सय रोपनी जग्गा फिर्ता दिनुपर्‍यो ।'

**उद्योगका उत्पादन**

लाकुरीडाँडाको ५ हजार रोपनी जमिनमा फैलिएको उद्योगबाट मूख्यत म्याग्नेसाइट (विशेष प्रकारको ढुंगा) उत्पादन हुन्छ । ओरियन्ड म्याग्नेसाइटका पूर्व अपरेसन सुपरभाईजर पूर्णचन्द्र ढकालकाअनुसार म्याग्नेसाइट कच्चा पदार्थ हो जसलाई प्रशोधन गरेर क्याल्साइन नामक ब्रिक (ईटा) बनाईन्छ । म्याग्नेसाइटसँग टाँसिएर रहेको पदार्थबाट बाईप्रडक्टको रूपमा चिल्लो पदार्थ खरि उत्पादन हुन्छ । सो क्षेत्रमा विभिन्न ४ प्रकारको म्याग्नेसाइट रहेको बताइन्छ ।

**म्याग्नेसाइटको प्रयोग**

म्याग्नेसाइटबाट बनेको ईटा २००० डिग्रीभन्दा बढि तापक्रममा पनि नपग्लिने हुँदा ठूला ठूला आणविक भट्टीहरूमा यसको इटा प्रयोग हुन्छ । नेपालको सिमेन्ट, स्टिल, फलाम, जस्तापाता लगायतका उद्योगहरूमा म्याग्नेसाइटबाट बनेको क्याल्साइनको प्रयोग गरी भट्टि बनाइन्छ । सौन्दर्य प्रशाधन, कपडा, साबुन, कागज उद्योगहरूले आफ्नो उत्पादनमा साइनिङ ल्याउनको लागि म्याग्नेसाइटको बाइप्रडक्ट खरिको प्रयोग गर्छन ।

**म्याग्नेसाइटको बजार र मूल्य**

उद्योगबाट उत्खनन् गरिएको म्याग्नेसाइटको नजिकको मूल्य बजार भारत रहेको छ । भारतमा उत्खनने गरिने म्याग्नेसाइटभन्दा यो उद्योगबाट उत्पादन हुने म्याग्नेसाइट उच्च गुणस्तरको रहेको भारतीय ब्यापारीहरूले नै स्वीकार गर्ने गरेका छन् । ४ प्रकारको म्याग्नेसाइट उत्खनन् हुने उद्योगको 'ए' ग्रेडको म्याग्नेसाइटलाई भारतीय बजारमा कम्तिमा टनको ८० हजारमा विक्री भईरहेको पाईएको छ ।

**परिक्षण सफल**

२०७० सालमा मौषमअनुसार क्यालसाईन उत्पादन कस्तो हुन्छ भनेर उद्योग परिसरमै गरिएको परीक्षण सफल भएको थियो । परीक्षणको रूपमा उत्पादन गरिएको क्यालसाइन (इटा)को प्रति गोटा पाँचहजारसम्ममा विक्री गर्न सकिने सो प्रतिवेदनमा उल्लेख थियो । प्रतिवेदनमा म्याग्नेसाइटबाट उत्पादित बस्तुहरू चिनीयाँ विक्री मूल्य बराबरमै विक्री गर्न सक्ने उल्लेख थियो ।

**उद्योग बन्द**

उद्योग कसरी र किन बन्द भयो भन्ने विषयमा अझैसम्म पूर्वकर्मचारी, कामदार र ब्यवस्थापनका पूर्वकर्मचारीहरू अचम्मित छन् । पूर्वकर्मचारीहरूका अनुसार राम्रोसँग उत्पादन भईरहेको उद्योग विना पूर्व जानकारी एकै रातमा बन्द गरिएको थियो । नाइट सिफ्ट काम गरेर घर गएका कर्मचारी भोलिपल्ट बिहानी सिफ्टका कर्मचारी ड्युटीमा आउँदा उद्योग बन्द भईसकेको बोर्डका पूर्व अध्यक्ष कार्कीले बताए । उनले भने, 'विना छलफल, विना लेखापरीक्षण, विना विश्लेषण एकै रातमा कुनै उद्योग बन्द हुन्छ ? त्यो नेपाल र नेपालीको समृद्धि विरुद्ध गरिएको नियोजित षडयन्त्र हो ।'

**मन्त्रालय गैरजिम्मेवार**

उद्योगको अवस्था र योजनाको विषयमा जानकारी लिन उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता डा. नारायणप्रसाद रेग्मीलाई सम्पर्क गर्दा आफूलाई केहि पनि थाहा नभएको बताउँदै संस्थान महाशाखाका उपसचिव गिरीराज ज्ञवालीलाई सम्पर्क गर्न भने । उपसचिव ज्ञवालीलाई सम्पर्क गर्दा उनले पनि रूग्न उद्योग भएकोले केहि जानकारी नभएको र सबैभन्दा सम्वन्धित सहसचिव बलराम रिजाललाई सम्पर्क गर्नु भने । सहसचिव रिजाललाई अनेकौंपटक सम्पर्क गर्दा र म्यासेज गर्दा कुनै पनि प्रतिक्रिया आएन ।

खवरको दुनियामा आएका छौं
*आवाज अनलाइन* मार्फत ।
हामीलाई पढ्न सक्नु हुनेछ ।
www.awajonline.com मा
थप जानकारीका चाहिएमा लागि
९८४४०००६६६ मा Call
गर्नुहोला ।

नवतरङ्ग साप्ताहिक

# म्याग्नेसाइट खानी

आर्थिक समृद्धिको लक्ष्य पूरा गर्न मुलुकभित्रै खानीको पहिचान गरेर कच्चा पदार्थ उत्पादन गर्नुपर्ने र आयात प्रतिस्थापन गर्ने बहस चलेको वर्षौं भइसकेको छ। सरकारले विभिन्न समयमा केही जिल्लामा विज्ञ टोली खटाएर जमिनमुनि रहेका यस्ता सम्भावित खानी उद्योगबारे अध्ययन पनि गरिरहेको छ। तर कच्चा पदार्थ उत्पादनसमेत सुरु भइसकेको सिन्धुपाल्चोक र दोलखा जिल्लामा फैलिएको ओरियन्ट म्याग्नेसाइट उद्योग सञ्चालनमा गरिएको बेवास्ताले यस्ता बहसलाई निरर्थक तुल्याइदिएको छ। दक्षिण एसियाकै सबैभन्दा ठूलो दाबी गरिएको यो खानी दुई दशकदेखि बन्द छ। तत्कालीन माओवादी विद्रोहीको आक्रमणको निशानामा परेपछि बन्द भएको थियो। खानी नखुल्दा हजारौंको रोजगारको ढोका बन्द भएको छ। अर्बौं रूपैयाँबराबरको कच्चा पदार्थ जमिनमुनि खेर गइरहेका छन्। खानी सञ्चालन गर्नुअघि खडा गरिएको संरचना कबाडीमा परिणत भएका छन्। बन्द भएका र रूग्ण अवस्थामा पुगेका अन्य उद्योगले मुहार फेरेको समाचार आइरहँदा एसियाकै लागि पर्याप्त चुनढुंगा र म्याग्नेसाइड उत्पादन क्षमता भएको यो खानीलाई अलपत्र छाड्नु हुँदैन। खानीको जगेर्ना गरेर पूर्णरुपमा सञ्चालन गर्न सक्ने हो भने मुलुकको आर्थिक समृद्धिमा राज्यले ठूलो मार्न सक्ने देखिन्छ। अहिलेको लगानीभन्दा पनि भविष्यको कमाइलाई ध्यान दिएर खानी सञ्चालनतर्फ सोच्नुपर्छ। यसो गर्दा विगतमा गरिएको लगानीको पनि जगेर्ना हुन्छ। यति मात्रै होइन, मुलुकभित्र रोजगारको वातावरण बन्नेछ। न्यून बेतनमा विदेशी भूमिमा श्रम बेच्न जानुपर्ने अवस्था अन्त्य गर्न पनि मद्दत पुऱ्याउनेछ।

यो खानीमा ७५ प्रतिशत सरकारी लगानी छ। तसर्थ यो खानी सञ्चालनको अगुवाइ सरकारले नै गर्नुपर्छ। खानी सञ्चालन गर्न सकियो भने भारतको भन्दा उच्च गुणस्तरको म्याग्नेसाइट उत्पादन हुन्छ। मुलुकभित्र यस्तै सम्भावना बोकेका थुप्रै खानी रहेको अध्ययनले देखाइसकेको छ। उदयपुरमा पनि म्याग्नेसाइट खानीको सम्भावना खोजी गरिएको छ। सुर्खेतमा बहुमूल्य पत्थरको प्रशोधन केन्द्र स्थापना गर्ने र दैलेखमा पेट्रोलियम पदार्थ उत्खनन गर्ने प्रक्रिया अघि बढेको छ। नवलपरासीको धौबादीमा फलाम कारखाना उत्खनन अघि बढेको छ। प्रशस्तै सम्भावना भएका यस्त पदार्थको उत्खनन गर्न सकियो भने मुलुकमा छिट्टै आर्थिक समृद्धिको ढोका खुल्ने छ। वार्षिक खर्बको सामान ल्याएर अर्बको सामान निर्यात गर्नुपर्ने अवस्था अन्त्य हुनेछ। नेपालको आत्मनिर्भरता अभिवृद्धि गर्नेछ। हजारौंलाई रोजगार दिने सम्भावना बोकेका यस्ता खानीलाई शीघ्र सञ्चालन गर्नुपर्छ। युवा पाखुरा उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्छ। चालु आर्थिक वर्षभित्रमा आठ लाखलाई रोजगार सिर्जना गर्ने सरकारी कार्यक्रमलाई सघाउन पनि यस्ता खानीले सघाउँछ। खानी सञ्चालन गर्न पुग्ने गरी बजेट छुट्याउनुपर्छ। स्रोतको अभाव हुन दिनुहुन्न। रूग्ण अवस्थामा पुगेको म्याग्नेसाइट खानी सञ्चालन गर्न सरोकारवाला उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले अगुवाइ गर्नुपर्छ। विगतमा गरिएको लगानी खेर जान दिनु हुँदैन। कामै नगरी कर्मचारीलाई तलब मात्रै खुवाउनुपरेको अहिलेको अवस्था अन्त्य गरिनुपर्छ।

# कम्मर कस्ने पालो काँग्रेसको



सुरेन्द्र केसी
विचार

नेपाली राजनीतिक इतिहासमा प्रजातन्त्रको पर्यायवाची हुन पुगेको छ नेपाली कांग्रेस। प्रजातान्त्रिक पार्टी नेपालमा कुनै छ भने स्वदेशी वा विदेशीले सबैभन्दा पहिले कांग्रेसलाई नै बुझ्छन् र सम्झन्छन् पनि। यसको प्रमुख कारण हो- १०४ बर्से निरंकुश राणाशासनमा राजनीतिक पार्टीहरु खोल्ने त के उच्चारणसमेत गर्न पाइँदैनथ्यो भने २००७ सालको परिवर्तनपश्चात् केही पार्टी अस्तित्वमा आए। २०१७ सालमा जननिर्वाचित सरकार मात्र अपदस्थ गरिएनस सदाका लागि पार्टीहरुमाथि प्रतिबन्धसमेत लगाइयो। निर्दलीय पञ्चायती व्यवस्थाको ३० बर्से कार्यकालमा कम्युनिस्ट पार्टी र कांग्रेस पार्टी मात्र रहे। ती दुई पार्टीले परिवर्तनका लागि सदा लडिरहे र अन्ततोगत्वा जनअधिकार स्थापित गरिछाडे। कम्युनिस्टलाई उसको लक्ष्य साम्यवाद हो भन्ने विश्वले जान्दछ भने अर्को पार्टी कांग्रेस प्रजातान्त्रिक मूल्य र मान्यताका साथ समाजवाद अँगालेका कारण प्रजातान्त्रिक पार्टी हुन पुग्यो।

नेपाली कांग्रेसको इतिहास देशमा जनता सल्बलाउन थालेदेखि सुरु हुन्छ। भारत बस्ने नेपालीको सक्रियतामा देवीप्रसाद सापकोटाको सभापतित्वमा अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेसको बनारसमा स्थापना भयो। उक्त संस्थाको सिद्धान्त, नीति, संगठनात्मक स्वरुप पारित गर्नाका लागि २००३ साल माघ १२ र १३ गते प्रथम महाधिवेशन गरियो। डा. डिल्लीरमण रेग्मीले झन्डोत्तोलन गरेको उक्त कार्यक्रमको सभापतित्व बीपीले गर्नुभएको थियो भने आकर्षणका केन्द्र गणेशमान सिंह हुनुहुन्थ्यो। यसको प्रमुख कारण मृत्युदण्ड दिन तयार पार्न लाग्दै गर्दा बहादुरीका साथ जेल तोडी अनेकौं रुप धारण गर्दै कार्यक्रमस्थल कलकत्ता पुग्नु थियो।

प्रथम महाधिवेशनले नेपाली राष्ट्रिय कांग्रेस नामाकरण गऱ्यो। महाधिवेश बीपी कोइरालालाई सर्वसम्मत कार्यकारी सभापति बनाउनुका साथै सर्वस्वसहित आजीवन काराबासमा रहेका टंकप्रसाद आचार्यलाई मानार्थ सभापति बनाउँदै देशमा प्रजातन्त्र स्थापनाका लागि आफ्नो कर्तब्य नबुझ्ने राजा जनताको शत्रु हो भन्ने मूल मान्यता आत्मसात गर्दै अहिंसात्मक जनक्रान्ति गर्ने उद्देश्य पास गर्दै जात, धर्म, लिंग र जस्तोसुकै आर्थिक अवस्था भएका ब्यक्ति नेपाली राष्ट्रिय कांग्रेसको सदस्य एवं पदाधिकारी हुन सक्ने ब्यवस्था गर्दै कार्यक्रम समापन गरिएको थियो।

त्यसैगरी प्रथम महाधिवेशनपश्चात् मजदुरहरुले जायज माग पूरा गर्न विराटनगर जुट मिलमा हडताल आयोजना गरे। त्यसै आन्दोलनबाट गिरजाप्रसाद कोइरालालाई मजदुरहरुले आफ्नो अध्यक्ष चुने भने उक्त आन्दोलन दबाउन राणाशासकले धेरै मजदुर र कार्यकर्ता गिरफ्तार गरेकामध्ये बीपी, गिरिजाप्रसाद, मनमोहन अधिकारी, तारणीप्रसाद कोइराला र युवराज अधिकारीलाई २४ दिन पैदल यात्रापश्चात् काठमाडौंको सुन्दरीजल कारागारमा पुऱ्याइयो। आफ्ना नेता तथा कार्यकर्ता रिहाइका लागि २००३ चैतमा सत्याग्रह सुरु भयो। सत्याग्रहमा पूर्वीपहाड, मधेस र काठमाडौं उपत्यकामा समेत ब्यापक जनसहभागिता भएका कारण राणा प्रधानमन्त्री पद्मशमशेर सन् १८४७ मे १६ मा सबै राजबन्दी रिहा गर्न बाध्य भए।

राणाशासनविरुद्ध आम नेपाली जनता संगठित हुन थालेपछि नेपाली राष्ट्रिय कांग्रेसको २००६ सालमा भएको चौथो महाधिवेशनमा बीपी कोइराला र सुवर्णशमशेर राणाको पहलमा नेपाल प्रजातन्त्र कांग्रेसका सभापति महेन्द्रविक्रम शाह र मातृकाप्रसाद कोइराला सभापति भएको पार्टी नेपाली राष्ट्रिय कांग्रेस पार्टीबीच एकीकरण भई संयुक्त अधिवेशनले नेपाली कांग्रेस भन्ने नामाकरण गऱ्यो। साथै मात्रिकाप्रसाद कोइराला सभापति भए।

नेपाली कांग्रेसले राणाविरुद्ध आन्दोलनको सुरुवात गर्दा घोषणापत्रमा (१) राणाशासन अन्त्य गर्न नेपाली कांग्रेस स्थापना भएको छ। (२) जनताका साथ लिएर अन्तिम आन्दोलन गर्नेछ। (३) पारिवरिक शासनलाई उखेलेर फाल्ने छ। (४) राजकाजका सम्पूर्ण क्षेत्रमा जनता सर्वेसर्वा हुनेछन्। (५) बालिक मताधिकारका आधारमा निर्वाचन हुने छ। (६) त्यसैले नै संविधान बनाउने र अन्त्यमा प्रजातन्त्रलाई मूल मन्त्र मान्दै अहिंसाबाट आन्दोलन सफल नभए सशस्त्र क्रान्तिबाट निरंकुशताका प्रतिमूर्तिहरुको अन्त्य गरी जनताद्वारा जनताको सरकार बन्ने छ भन्ने नाराका साथ २००७ सालको क्रान्ति सुरु भएको थियो।

दुई पार्टी एक भएपछि सशस्त्र क्रान्ति गर्ने निर्णयपश्चात् नै देशभर कार्यक्रम सुरु भए २००७ साल कात्तिक २४ गते देशभर हवाईजहाजबाट क्रान्तिका पक्षमा समर्थन र राणाहरुका विरुद्धमा पर्चा छरियो। कात्तिक २५ गते बीरगन्ज आक्रमन गरियो, जसमा सयौं हतियार र लाखौं रुपैयाँ जम्मा भए। त्यसैगरी २६ गते कांग्रेसको मुक्ति सेनाले एकैपटक परासी, भैरहवा, नेपालगन्ज र देशका विभिन्न ठाउँमा क्रन्तिको आगो दन्काउन थाल्यो। क्रान्तिले मूर्तरुप लिँदै गर्दा राजा त्रिभुवन दिल्ली पुगेपश्चात् जनताको बलद्वारा अत्तालिएका राणाहरु सम्झौता गर्न बाध्य भएर आम नेपाली जनताका पक्षमा प्रजातन्त्र बहाली गर्ने सर्तमा दिल्ली सम्झौता भयो र १०४ बर्से राणाशासनलाई कांग्रेसको क्रान्तिद्वारा समाप्त भयो।

यसरी राणाशासन अन्त्य गर्न सफल नेपाली कांग्रेस २०४६ सालमा संयुक्त वाममोर्चासँग आन्दोलनपछि प्रजातन्त्र पुनर्स्थापना गर्न सफल मात्र होइनस लोकतान्त्रिक गणतन्त्रको प्रमुख माग राखी सशस्त्र युद्ध गरेको नेकपा माओवादीलाई वार्तामा ल्याई संविधानसभाको चुनाव गराउने सर्तमा शान्तिस्थापना गर्न सफल कांग्रेसले अन्ततः माओवादीका एजेन्डा गणतन्त्र कायम गर्न सफल भयो। अन्ततोगत्वा मुलुकले लोकतान्त्रिक गणतन्त्र प्राप्त गऱ्यो।

यसरी पटकपटक नेपाली राजनीतिको क्षितिजमा नेपाली कांग्रेस कहिलेकाहीं आफू भुमरीमा परेको पत्तै पाउँदैन। आफ्नो बहुमत हुँदाहुँदै २०५१ सालमा पार्टीको आन्तरिक कलहका कारण प्रतिशोध साँध्नका लागि मध्यावधि निर्वाचन गराउँदा जनताले दोस्रो श्रेणीमा झारिदिएका थिए। त्यसपछि कांग्रेसले आफ्नो पहिलो हैसियत अहिलेसम्म पाउन सकेको छैन। माओवादी जनयुद्धताका सबै पार्टीको हालत त्यस्तै थियो भने राजनीतिक विश्लेषकअनुसार पञ्चातकालमा एउटा पक्षलाई लिएर अर्कालाई पछार्ने वा पञ्चबीचमै फुटको

... बाँकी पृष्ठ ३ मा

## नेकपा अर्न्तविरोध...

राजनीति गर्न पल्केको दरबार त्यसैगरी बहुदलमा पनि राजनीतिक पार्टीहरुलाई समेत टुटफुट गराई राज गर्न खोज्दा पार्टीहरुले कुरा बुझेपछि र तत्कालीन माओवादीले समेत दरबारबाट धोका खाएका कारण माओवादी र सात पार्टीबीच बाह्रबुँदे समझौता भएको जनजाहेर त छँदै छस २०६२/०६३ को आन्दोलनको नेतृत्वसमेत कांग्रेसले नै गरेको थियो।

वर्तमानको जस्तो शक्तिशाली तर भ्रष्ट सरकार सम्भवतः नेपालको इतिहासमा कहिल्यै थिएन र नहोला पनि। सम्पूर्ण जनता यसप्रति जानकार त थिए नैस हालै ट्रान्सपेरेन्सी इन्टरनेसनलले प्रकाशित गरेको प्रतिवेदनबाट झन् प्रस्ट भयो। एक त वामपन्थी सरकार भएको नाताले वैदेशिक सहयोग घट्दै छ, त्यसमाथि पनि केही आएका विदेशी सहयोग र प्राप्त ऋणबाट सञ्चालित योजनामै व्यापक भ्रष्टाचार हुँदा के हामीले पुनः त्यस प्रकारको सहयोग पाउन सकौंला ? व्यक्ति गलत हुँदा व्यवस्थाप्रति नै अनास्था फैलिने त्रास हुन्छ। त्यसकारण पार्टीमा कुनै पदमा हुँदा वा सरकारको नेतृत्व गर्दा त्यो व्यक्ति नेता नहुँदो रहेछ भन्ने प्रस्ट भएको छ। प्राविधिक कारणले कसैले कुनै पद प्राप्त गर्दैमा त्यो कदापि नेता हुँदो रहेनछ भन्ने इतिहास साक्षी छ।

एकपटक फेरि आन्तरिक विवादबाट मुक्त भई नेपाली कांग्रेसले लोकतान्त्रिक गणतन्त्र स्थायित्वका लागि कम्मर कस्ने बेला आयो। देशमा कोही पनि पक्ष, प्रतिपक्ष र विपक्ष नहुने आन्दोलनको नेतृत्व गर्नुपर्ने बेला आएको छ। करिब दुईतिहाइ सरकार भए पनि अस्थिर भयो। विगतमा झैं वामपन्थी शक्तिलाई विश्वासमा लिएर सरकारको नेतृत्व लिन आँट्नुपर्‍यो। संविधान संशोधन गर्दै प्रतिशतका आधारमा सबै पार्टीलाई सरकारमा सामेल गर्दा त्यो नै स्थायी सरकार र लोकतान्त्रिक गणतन्त्रको मर्म र कुनै राजनीतिक दललाई पनि भेदभाव नगरेको ठहर्छ।

## चिसोबाट जोगिने घरेलु उपाय

- अदुवाको टुक्राको रस २० मिलिदेखि ३० मिलिसम्म दिनमा तीनपटक लिनाले सर्दीबाट आराम मिल्छ ।
- दश ग्राम लसुनलाई १ कप दुधमा उमालेर साँझमा सुत्नेबेलामा वा खाजा खानुभन्दा अघी सेवन गर्नुहोस् ।
- कालो मरिच डढाएर धुवा सुँघनाले बन्द नाक खुल्छ ।

## सूचना ! सूचना !

नेपाल विद्युत् प्राधिकरण दोलखा वितरण केन्द्रका सम्पूर्ण ग्राहक महानुभावहरूमा हालसम्म आफूले उपभोग गरेको विद्युत् महशुल रकम तोकिएको केन्द्रमा पुगि समयभित्र भुक्तानी नभएमा लाइन काटिने व्यहोरा अनुरोध गरिन्छ । अनधिकृत तवरले विना मिटर कुनै किसिमको पनि विद्युत् चुहावट नगर्नु नगराउनु हुन अनुरोध छ । साथै विद्युत चोरी भएको पाइएमा नेपाल विद्युत प्राधिकरणको विद्युत चुहावट नियन्त्रण विनियमावली अनुसार कारवाही हुने व्यहोरा जानकारी गराइन्छ ।

**नेपाल विद्युत प्राधिकरण**
चरिकोट, दोलखा

DYNAMIC MEDIA LINK

# डायनामिक मिडिया लिङ्क

एडभरटिजमेन्ट | इभेन्ट म्यानेजमेन्ट | पब्लिकेशन | भिडियोग्राफी

**जिल्लाको पहिलो विज्ञापन एजेन्सीको**
**सेवाहरू**

दोलखाको विज्ञापनको क्षेत्रमा जिल्लामा नै पहिलोपटक विज्ञापन एजेन्सी, इभेन्ट म्यानेजमेन्ट, पब्लिकेसन तथा भिडियोग्राफी सम्वन्धी तपाईहरूको सेवामा डायनामिक मिडिया लिङ्क हाजिर भैसकेको छ । विभिन्न कार्यक्रम, सेमिनार, गोष्ठी, विभिन्न व्यापार, व्यवसाय, उद्योग तथा अन्य विभिन्न सूचनाहरू प्रकाशन प्रशारण गराउनु परेमा सम्झनुहोस् । साथै विभिन्न कार्यक्रमहरूको व्यवस्थापन, पुस्तकहरू प्रकाशन गराउनु परे साथै प्रोफेसनल भिडियो खिच्नु, सम्पादन गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**सम्पर्क**
९८४४०११९९९, ९८५१२११९१९

**प्रवन्ध निर्देशक**
रवीन्द्र गौतम

# के हो आनो? यस्ता छन् लक्षण र उपचार

आँखामा हुने विभिन्न समस्यामध्ये एउटा हो 'स्टाइ', जसलाई बोलीचालीको भाषामा 'आनो' भन्ने गरिन्छ। आनो एक प्रकारको खटिरा जस्तै हो जुन परेलाको रौं उम्रिने ठाउँको प्वालमा अर्थात् परेलाको जरो र परेलाको तेल ग्रन्थीमा 'स्टेफाइलोकोकस' ब्याक्टेरियाको संक्रमणले गर्दा हुन्छ। संक्रमण भइसकेपछी यसमा पिप जम्मा हुन्छ र त्यसैलाई हामी आनो आएको भन्ने गर्छौं। यो आँखाको परेलाभन्दा भित्र वा बाहिर र तल्लो वा माथिल्लो जुनसुकै परेलामा पनि आउन सक्छ। धेरैजसोलाई थाहा होला, पहिलेपहिले आँखामा आनो आयो भने बुढापाकाले यो त धेरै झुटो बोलेर आएको हो भन्ने गर्थे। तर यो भनाइमा कुनै सत्यता छैन।

फोहोर हातले आँखा चलाउँदा वा माड्दा, आँखा धेरै मिचिरहने बानीले, आनो भएको व्यक्तिले प्रयोग गरेको रुमाल वा तौलिया अरुले प्रयोग गर्दा, फोहर पानीले आँखा धुँदा यो समस्या उत्पन्न हुने गर्छ। त्यसैगरी परेलामा चाया पर्ने समस्या छ भने पनि आनो हुने गर्छ। आनो जुनसुकै उमेर समूहका व्यक्तिलाई पनि हुनसक्छ तर प्रायःजसो बालबालिकामा आनो बढी देखिन्छ। आनो एकपटक भइसकेपछि पनि फेरिफेरि आउन सक्छ र सामान्यतया यसले आँखाको दृष्टिलाई भने असर गर्दैन।

**लक्षण**

- आँखा चिलाइरहने र माड्न मन लाग्ने
- अँखाको परेला भारी हुने
- आँखाको परेला सुन्निने
- खटिरा आउने र रातो हुने
- आँखाबाट आँसु बगिरहने वा चिप्रा आउने
- घाम अथवा प्रकासमा हेर्न अप्ठ्यारो हुने

**उपचार**

सामान्यतया आनो केही समयमा आफैँ निको भएर जान्छ तर बारम्बार आनो हुने सम्यस्या छ भने चिकित्सकको सल्लाहमा एन्टिबायोटिकको प्रयोग गर्न सकिन्छ र दुखाइ धेरै भएमा दुखाइ कम गर्ने औषधिको प्रायेग गर्न सकिन्छ।

आनो आएपछि घरमै गर्न सकिने उपचार जस्तैः सफा नरम कपडालाई मनतातो पानीमा भिजाएर दिनमा कम्तीमा २(३ पटक आँखा सेक्ने। यसरी सेक्दा पीडा कम हुने, आँखाको वरिपरि सफा हुने र बन्द रहेका ग्रन्थीका प्वालहरू खुल्न मद्दत पुग्छ। आनो आएको आखाँलाई सफा राख्नुपर्छ र मिच्नु हुँदैन। आनो आएको बेला आँखाको मेकअप गर्नु हुँदैन। त्यसैगरी चिकित्सको सल्लाहबिना बजारमा पाउने औषधिको प्रयोग पनि गर्नु हुँदैन। यसरी घरेलु विधिबाट आँखाको हेरचाह गर्दा पनि सन्चो भएन भने आखाँ रोग विशेषज्ञको सल्लाह बमोजिम औषधि सेवन गर्नुपर्छ। वृद्धावस्थाका मानिसमा आनोको समस्या देखिए मधुमेहको जाँच गराउनुपर्छ र दृष्टिमा समस्या भए समयमै परीक्षण गरेर चस्मा लगाउनुपर्छ।

तर, आँखा धेरै सुन्नियो, धेरै दुख्यो, पिप या रगत निस्किन थाल्यो, ज्वरो आयो भने घरेलु विधि अपनाउनुभन्दा तुरुन्त स्वास्थ्य संस्थामा गएर जँचाउनु बुद्धिमानी हुन्छ। घरमा आफैंले आनो फुटाएर पिप निकाल्ने, आनोमा लिसोको प्रयोग गर्ने आदि सकभर नगर्ने।

**आनोको रोकथाम**

- प्रायः बालबालिकामा यो समस्या बढी देखिने हुँदा उनीहरुको सरसफाइमा ध्यान दिनुपर्छ। धुलो, धुवाँ र फोहरबाट आँखालाई बचाउनुपर्छ। आँखा सधैँ सफा पानीले धुनुपर्छ।
- आँखा चिलाउँदा मिच्नु हुँदैन।
- आँखालाई असर पर्ने गरी मेकअपका सामान प्रयोग गर्नु हुँदैन।

यस पत्रिकामा छापिएका लेख, रचनाहरू श्रष्टाका नीजि विचार हुन् । यसमा सम्पादन मण्डलको कुनै सहमति वा विमति छैन ।

-स.

## नेपालको संविधानमा सिमान्तकृत समुदायको अधिकार

**नेपालको संविधानमा सिमान्तकृत समुदायको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ।**

- राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सिमान्तकृत समुदायको रुपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सिमान्तकृत समुदाय लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रुपले पछाडि परेका सिमान्तकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- सिमान्तकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरवार, काठमाडौं

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

# उपल्लो र अपर खिम्तीद्वारा १९ मेगावाट विद्युत् उत्पादन गर्ने तयारी

दोलखा । उपल्लो खिम्ती र अपर खिम्तीबाट १९ मेगावाट विद्युत् उत्पादन हुने भएको छ ।

दोलखा र रामेछापको सीमा भएर बग्ने खिम्ती खोलामा निर्माणाधीन १२ मेगावाट उपल्लो खिम्ती पहिलो र सात मेगावाट अप्पर खिम्ती दोस्रो गरी कुल १९ मेगावाट विद्युत् उत्पादन हुन लागेका हुन् । हिमालय ऊर्जा विकास कम्पनीले निर्माण गरेको दुवै आयोजनको सम्पूर्ण काम सकिएको र उपकरण जडान गर्ने काम अन्तिम चरणमा पुगेकाले विद्युत् उत्पादन शुरू हुने आयोजनका मेकानिकल इञ्जिनीयर अमित सिंहले बताए।

पहिलो आयोजनामा विद्युत् उपकरणको काम यसै हप्ता अन्तिम चरणमा पुग्ने र दोस्रो आयोजनको पेनस्टक पाइपको काम अन्तिम चरणमा भएकाले मंसिरको अन्तिमसम्म आयोजनाले विद्युत् उत्पादन शुरू गर्ने लक्ष्य लिएको उनले जानकारी दिए। यस कम्पनीले दुई वर्षअघि नै रु. २४ करोड ७५ लाख बराबरको साधारण शेयर जारी गरिसकेको छ । दोलखा जिल्ला र रामेछापको सीमा भएर बग्ने खोलालाई फर्काएर रामेछापको चुचुरेमा विद्युतगृह निर्माण गरिएको छ ।

आयोजनको निर्माण र प्रशारणबाट दोलखा जिल्लाका साविकका माली, श्यामा, जिरी, हावा च्यामा र सहरे गाविस प्रभावित हुनेछ भने रामेछापको चुचुरे, ठोसे, रस्नालु, बेताली गाविस प्रभावित हुनेछ । कुल रु. ३ अर्ब १५ करोड लागत अनुमान गरिएको यी आयोजनामा नबिल बैंक, नेपाल बैंक, एभरेष्ट बैंक र एस डेभलपमेन्ट बैंकको रु. २ अर्ब ३५ करोड ऋण लगानी रहेको छ । आयोजनाको काम समयमा नहुँदा लागत अनुमान बढेको बताइएको छ ।

हिमालय ऊर्जा कम्पनीले निर्माण गरेको आयोजनाले विसं २०७५ साल असार मसान्तसम्ममा विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको भएतापनि प्रसारण लाइन अभावमा दुई वर्ष ढिला भएको आयोजनाको भनाइ छ । आयोजनाबाट निर्माणाधीन विद्युत् गर्जाङमा निर्माणाधीन सवस्टेशनमा जोडिने छ । अर्को खिम्ती गर्जाङ १३२ केभीको प्रसारण लाइन निर्माणाधीन छ । नेपाल विद्युत् प्राधिकारणले निर्माण गरी रहेको प्रसारण लाइनको काम ढिलासुस्ती भएर समयमा नहुने भएमा विकल्पमा कम्पनीको उच्च ध्यान गई छलफल गरिने इञ्जिनीयर सिंहले बताए।

प्रसारण लाइनको काममा ढिलासुस्ती भएमा दैनिक उत्पादित विद्युत् खेर गई आम्दानीबाट करोडौँको घाटा हुने भएकाले आयोजनाको ब्यवस्थापनको विकल्प खोज्नुपर्ने बाध्यता रहेको उनले बताए । आयोजनाका विद्युतहमा जापानिज तोसिबा कम्पनीको उपकरण जडान गरिएको छ । उपकरण जडानमा भारतीय प्राविधिकको टोलीले काम गर्दै आएका छन् ।




सत्य, तथ्य, निष्पक्ष तथा खोजमूलक साप्ताहिक नवतरङ्ग NAVATARANGA WEEKLY

## सडक डिभिजन कार्यालय
भक्तपुर

**अत्यन्त जरूरी सार्वजनिक सूचना !**

व्यवसाय सञ्चालन गर्न यस कार्यालयको अधिकार क्षेत्रभित्र पर्ने सडकखण्डहरूमा अस्थायी कटेरा निर्माण भैरहेको सूचना प्राप्त भएकोले अरनिको राजमार्गको क्षेत्रभित्र त्यस्ता संरचनाहरू नबनाउन हार्दिक अनुरोध गर्दछौं । त्यस्ता संरचना निर्माणले यातायात आवागमनमा समेत प्रत्यक्ष असर पर्ने भएकोले अन्य सुरक्षित स्थानहरूमा बसोबासको व्यवस्था मिलाउन हार्दिक अपिल गर्दछौं । अन्यथा कार्यालयको अधिकार क्षेत्रभित्र पर्ने सडकखण्डमा संरचनाहरू बनेको भए भत्काइने र सो उपर कुनै पनि उजुरबाजुर गर्न नसकिने व्यहोरा यसै सूचनाबाट सर्बसाधारणमा जानकारी गराइन्छ ।

डिभिजन प्रमुख
भक्तपुर

निरन्तर प्रकाशित यस साप्ताहिकमा विज्ञापन दिई आफ्नो व्यवसाय बढाउनुहोस् ।

सत्य, तथ्य, निष्पक्ष तथा खोजमूलक साप्ताहिक नवतरङ्ग NAVATARANGA WEEKLY

नवतरङ्ग साप्ताहिक परिवार
सुष्पाक्षमावती - ३, दोलखा

# माथिल्लो तामाकोशीको विद्युत् उत्पादन अनिश्चित

दोलखा । बहुचर्चित ४५६ मेगावाटकोराष्ट्रिय गौरवको आयोजना माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको एक्सपान्सन ज्वाइनर डिस्मेन्टेबल बक्स भारतबाट आउन नसक्दा आयोजना निर्माणको गति सुस्त हुनुका साथै परीक्षणर उत्पादन गर्ने मिति अनिश्चित भएको छ ।

भारतीय ठेकेदार कम्पनी टेक्सम्याकोरेलवे इन्जिनीयरिङले कोलकाताबाट पेनस्टकको एक्सपान्सन ज्वाइन तथा डिस्मेन्टेबल बक्स ढुवानी समयमै गर्न नसक्दा आयोजना निर्माणको गति सुस्त हुनुका साथै उत्पादन मितिसमेत अनिश्चित भएको हो ।

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाबाट कहिले विद्युत्को परीक्षण उत्पादन हुन्छ भन्ने बारेमा मिति तोक्न सकिने अवस्था अहिले नरहेको आयोजनाका प्रमुख कार्यकारी अधिकृत विज्ञानप्रसाद श्रेष्ठले बताए । आयोजनाले कोलकाताबाट एक्सपान्सन ज्वाइन तथा डिस्मेन्टेबल बक्स ल्याउन सप्लायर्सलाई ताकेता गरिरहेको आयोजनाका प्रवक्ता डाक्टर गणेश न्यौपानेको भनाइ छ ।

एक्सपान्सन ज्वाइन तथा डिस्मेन्टेबल बक्सलगायत सामान तथा अन्य केही आवश्यक उपकरणको ढुवानी भएमा आयोजनाको डिसेन्डर, टनेललगायत संरचनाहरुको परीक्षण फागुनबाट गर्न सकिने न्यौपानेले बताए । आयोजनाको सुरुङ, पेनस्टकलगायत परीक्षणपश्चात् मात्र विद्युत् उत्पादन परीक्षणको मिति तोक्न सम्भव हुने उनको भनाइ छ ।

**भाँचिएको टावरको प्राविधिक परीक्षण हुँदै**

आयोजनाबाट उत्पादित विद्युत् प्रसारणका लागि निर्माण भएको प्रसारणलाइनको कालिञ्चोक गाउँपालिकाको पुटुङमारहेको टावर भाँचिएको छ । जमीनको संरचना नै कच्चा भएको कारण टावर भाँचिएको आयोजनाको दाबी छ । सो टावर अब कहाँ पुनर्निर्माण गर्ने भन्नेबारेमा विज्ञहरुद्वारा अध्ययन गराउने काम भइरहेको आयोजनाले बताएको छ । विज्ञहरुको सुझाव आएपछि टावर निर्माण कार्यअघि बढाइने प्रवक्ता न्यौपानेले बताए ।

**जग्गा विवादका कारण मल्टिसर्किट टावर अझै बनेन**

तामाकोशी गाउँपालिकाको शहरेमा निर्माण गरिने मल्टी सर्किट टावर जग्गा विवादका कारण अझै निर्माण हुन सकेको छैन । नेपाल विद्युत् प्राधिकरणले हालसम्म पनि मुआब्जा उपलब्ध नगराएका कारण स्थानीयहरुले सो टावर निर्माणमा अवरोध गरिरहेको कारण टावर निर्माण हुन नसकेको आयोजनाले बताएको छ । तर, सो टावर निर्माण नभए पनि माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली प्रसारणका लागि अल्पकालीन वैकल्पिक उपायको खोजी भइसकेको न्यौपानेको दाबी छ ।

आयोजनाको हेडबक्स तथा पावर हाउसको काम करीब सम्पन्न भइसकेको छ भनेरामेछापको फुलासीमा निर्माणाधीन सबस्टेशनको सिभिल संरचनाको निर्माण सम्पन्न भई उपकरण जडानको काम भइरहेको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले बताएको छ । हालसम्म ब्याजबाहेक आयोजना निर्माणमा करीब ५२ अर्बभन्दा बढी खर्च भइसकेको आयोजनाको अनुमान छ । आयोजना सम्पन्न हुने मिति लम्बिँदै जाँदा आयोजनाको लागत बढ्दै गएको छ ।


खबरको दुनियामा आएका छौं *आवाज अनलाइन* मार्फत । हामीलाई पढ्न सक्नुहुनेछ । www.awajonline.com मा ।



## सडक डिभिजन कार्यालय

**चरिकोट, दोलखा**

**अत्यन्त जरूरी सार्वजनिक सूचना !**

व्यवसाय सञ्चालन गर्न यस कार्यालयको अधिकार क्षेत्रभित्र पर्ने सडकखण्डहरूमा अस्थायी कटेरा निर्माण भैरहेको सूचना प्राप्त भएकोले १५ मिटर क्षेत्रभित्र त्यस्ता संरचनाहरू नबनाउन हार्दिक अनुरोध गर्दछौं । भुकम्पका कारण सडकहरूमा धाँजा फाटेका, भासिएको र सुख्खा तथा हिले पहिरोको उच्च सम्भावना रहेको र यातायात आवागमनमा समेत प्रत्यक्ष असर पर्ने भएकोले अन्य सुरक्षित स्थानहरूमा बसोबासको व्यवस्था मिलाउन हार्दिक अपिल गर्दछौं । अन्यथा कार्यालयको अधिकार क्षेत्रभित्र पर्ने सडकखण्डमा संरचनाहरू बनेको भए भत्काइने र सो उपर कुनै पनि उजुरबाजुर गर्न नसकिने व्यहोरा यसै सूचनाबाट सर्बसाधारणमा जानकारी गराइन्छ ।

डिभिजन प्रमुख
चरिकोट, दोलखा



## भ्काडापखाला

भ्काडापखाला भनेको २४ घण्टामा ३ वा ३ भन्दा बढीपटक पानीजस्तै पातलो दिसा भएमा भ्काडापखाला भएको भनिन्छ र यो सबै उमेरका मानिसहरूलाई हुन्छ तर यसले ५ वर्षसम्मका बच्चालाई बढी असर पार्दछ । गर्मी तथा वर्षा मौसममा यसले महामारीको रूप लिएको पनि पाईन्छ । सजग रहनु होला ।

**सार्वजनिक हितका लागि नवतरङ्ग साप्ताहिकद्वारा जारी**



**साबुन पानीले हात धोएर मात्र खानेकुरा खाने गरौं**



**स्वास्थ्य कार्यालय**
**चरिकोट, दोलखा**



**प्रकाशक:** प्रदिप शिवाकोटी, **सम्पादक:** आनन्द श्रेष्ठ, **कानूनी सल्लाहकार:** राजेन्द्रनारायण श्रेष्ठ, **बजार व्यवस्थापन:** किरण खाती, लेखा: कृष्ण शिवाकोटी
**कार्यालय:** सुणाक्षमावती-३, दोलखा, **सम्पर्क कार्यालय:** भीमपा-१०, चरिकोट, फोन: ०४९-४२१८३९, ईमेल navataranga@gmail.com, rbshiwakoti@gmail.com
**मुद्रण:** एक्सिस प्रिन्टर्स प्रालि, न्यू प्लाजा काठमाण्डौं, फोन: ९८५११२३६५४, **व्यवस्थापक:** श्रीमती मीना कार्की